सूचना नं. १

## सत्य निरूपण तथा मेलमिलाप आयोग

## हाँडीगाउँ, काठमाण्डौं

## उजुरी माग सम्बन्धी सूचना

*बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६क) मा "अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फवाट यस अघि उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्नेछ" भन्ने व्यवस्था रहेको। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा सदस्यको नियुक्ति भएको हुँदा सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फवाट यस अघि उजुरी दिन छुट भएको भए यो सूचना प्रकाशित भएको मितिले तीन महिना अर्थात् मिति २०८२।०५।०५ भित्र काठमाण्डौं महानगरपालिका वडा नं. ५, हाँडीगाउँमा रहेको आयोगको कार्यालयमा वा आयोगको इमेल ठेगाना trcbabarmahal@gmail.com मा वा सम्वन्धित जिल्लाको जिल्ला सरकारी वकिल कार्यालय मार्फत देहायको ढाँचामा उजुरी दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।